
# वार्षिक समिक्षा कार्यक्रम

## आ.व.२०८०/८१

कञ्चन गाउँपालिका

गाउँकार्यापलिकाको कार्यालय,

कञ्चन-२,बेउरी, रुपन्देही ।



चित्र नं.१.नेपालको नक्सा




चित्र नं.२.कञ्चन गाउँपालिकाको नक्सा

# आ.व.२०८०/८१ को वार्षिक समिक्षा कार्यक्रम
# संक्षिप्त प्रतिवेदन

## पृष्ठभूमिः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ नेपाल सरकार तथा लुम्विनी प्रदेश सरकारले निर्दिष्ट गरेको नीति, आर्थिक कार्यविधि ऐन,२०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नीति, निर्देशन, पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्य,सार्वजनिक खर्चको मितव्यिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन,२०७५ आदि नीति नियमले यो वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न तथा समिक्षा गर्ने कार्यलाई आधार मिलेको छ ।

वर्षिक प्रगति समिक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविष्यको कार्ययोजना बनाउन बलियो आधारको रुपमा लिईन्छ। मिति २०८१ असार २९ गते तिलोत्तमा नगरपालिकाको वनवाटिकामा कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमको अध्यक्षता कञ्चन गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालले गर्नु भएको थियो। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष श्री मौसमी थापा मगर ज्यूको पनि उपस्थिति थियो। अन्य सहभागीहरुमा कञ्चन गाउँपालिका वडाका वडाध्यक्षहरु तथा निर्वाचित वडा सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, वडासचिवहरु तथा सम्पूर्ण शाखाका कर्मचारीहरु रहेका थिए। कार्यक्रममा जम्मागरी ९० जनाको सहभागिता रहेको थियो। कार्यक्रमको उद्घघोषण कञ्चन गाउँपालिकाका अधिकृतस्तर छैटौं श्री गिराराज अर्यालले गर्नुभएको थियो ।

### प्रारम्भिक कार्यक्रमः

कञ्चन गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री सागर गौतमको स्वागत मन्तव्यबाट कार्यक्रमको सुरुवात गरिएको थियो। स्वागत मन्तव्यमा बोल्दै प्रमुख प्रशासकिय अधिकृत श्री सागर गौतमले एक वर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरुः जस्तै विगतका वर्षमा वार्षिक समिक्षा श्रावण महिना पछि गर्ने गरिएको भएता पनय यो वर्ष यसै आ.व.को अन्त्यमा गरिएको र आगामी वर्षमा पनि यसलाई निरन्तरता दिने प्रतिद्धता जनाउनुका साथै आ.व.२०८०/८१ मा स्विकृत कार्ययोजना अनुसार नै कार्यक्रम गरिएको कारण तोकिएको समयमा नै योजना तथा कार्यक्रम सम्पन्न

गर्न सफल भएको जानकारी दिनु भयो ।बेरुजु न्युनिकरण,पारदर्शिता, उत्तर दायित्व र जवाफदेहिता प्रवर्द्धनका लागि  सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण लगायतका कार्य सञ्चालन गर्नुका साथै गाउँपालिकाको आवधिक विकास योजना, संगठन सर्वेक्षण, आन्तरिक नियन्त्रण प्रणली, क्षमता विकास योजना, यातायात गुरुयोजना,करदाताको वस्तुगत विवरण, गाउँपालिकाको वस्तुगत विवरण, बैदेशिक रोजगारी सम्वन्धी पार्श्व चित्र निर्माण तथा गाउँ गौरबका आयोजनाहरुलाई प्रदेश र संघिय सरकार संघ बजेट विनियोजनका लागि आधार तय गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको र प्रशासनिक कार्यलाई चुस्त दुरुस्त राख्नका लागि विद्युतिय अभिलेख प्रणलीमा जोड दिइएको र सेवा प्रवाहमा सहजताका लागि सबै वडा कार्यालयमा डिजिटल नागरिक वडा पत्र तयार गरि शुसासन प्रवर्द्धनमा जोड दिइएको र उक्त कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी, जनप्रतिनिधि,नागरिक समाज तथा सरोकारवाला सम्पुर्णलाई धन्यवाद ज्ञपान गर्नु भयो ।

वडा अध्यक्षहरुको तर्फबाट वडा नं.३ का वडा अध्यक्ष श्री टिकाराम सापकोटाले आ.व.२०८०/८१ को वार्षिक समिक्षा कार्यक्रम समेत स्विकृत कार्ययोजनाका आधारमा आषाढमा नै सम्पन्न हुनु खुशीको कुरा भएको बताउदै जनप्रतिनिधि र कर्मचारी एक अर्कोका पुरक भएकाले समन्वयात्मक ढंगले अगाडि बढ्नु पर्ने कुरामा जोड दिनु भयो ।

त्यस्तै, गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापा मगरले गाउँपालिकाले यस भित्र रहेको अवसरलाई सदुपयोग गर्दै अगाडि बढ्नुपर्ने, कार्यक्रम जो बाट जसरी आए पनि जनता नै लाभान्वित हुने र कञ्चनको विकास हुने हुनाले सम्वद्ध पक्षहरु एकरुप भई कार्य गर्नु पर्ने कुरा गर्नुभयो ।

## प्रगति समिक्षाको उद्देश्यहरुः

कञ्चन गाउँपालिकाले सम्पन्न गरेका योजना तथा कार्यक्रमको प्रगति समिक्षा कार्यक्रमको उद्देशय देहाय बमोजिम रहेको छ ।

- योजना तथा कार्यक्रमको खर्च सार्वजनिकिकरण गर्ने,
- आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमको लागि सुझाव संकलन गर्ने,
- सुशासन तथा पारदर्शिता प्रवर्द्धन  गर्ने,
- नागरिक प्रति जवाफदेहता र उत्तरदायित्व बहन हुने,
- सबल तथा दुर्बल पक्षको पहिचान हुने,
- अवसर, चुनौती पत्ता लगाई आगामी आ.व.मा योजना तथा कार्यक्रमहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने,

## प्रगति समिक्षाका उपलब्धीहरुः

- योजना तथा कार्यक्रमको खर्च सार्वजनिकिकरण भएको,

- आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमहरुको लागि सुझाव संकलन गरिएको,
- सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई खुला सरकारको अवधारण लागु भएको,
- सबल तथा दुर्बल पक्षहरुको पहिचान भएको,
- आ.व.२०८०/८१ को सम्रग प्रगतिको जानकारी हुनुका साथै अवसर, चुनौती पत्ता लगाई आगामी आ.व.मा योजनाहरुलाई प्रभावकारी रुपमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने प्रतिवद्धता सामुहिक रुपमा जाहेर भएको,
- सहमति र सहकार्य तथा सम्वन्यका साथ अगाडि बढ्ने प्रतिवद्धता जाहेर भएको

## प्रस्तुतीकरणः

समिक्षाको मुख्य कार्यक्रमको रुपमा आ.व. २०८०/८१ मा गाउँपालिकाका सम्पूर्ण शाखाहरुबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतीकरण रहेको थियो । प्रस्तुतीकरण सम्बन्धित शाखाका शाखा प्रमुखहरुबाट गरिएको थियो। सबैजसो प्रस्तुतीमा भित्रका कार्यक्रम र योजना, सोको लागि विनियोजित बजेट, वित्तीय र भौतिक प्रगतिहरु समेटिएको थिए।

- ❖ प्रशासन शाखा
- ❖ आर्थिक प्रशासन शाखा
- ❖ आन्तरिक लेखा परिक्षण शाखा
- ❖ पशु सेवा शाखा
- ❖ कृषि विकास शाखा
- ❖ रोजगार सेवा केन्द्र
- ❖ पुर्वाधार विकास शाखा
- ❖ शिक्षा,युवा तथा खेलकुद शाखा
- ❖ स्वास्थ्य शाखा
- ❖ जिन्सी ईकाई
- ❖ राजस्व ईकाई
- ❖ महिला बालबालिका तथा ज्येष्ठ नागरिक ईकाई
- ❖ लघु उद्यम विकास ईकाई
- ❖ सामी कार्यक्रम
- ❖ छलफल तथा अन्तक्रिया
- ❖ प्रस्तुतिको सार संक्षेपिकरण

(**नोटः**शाखागत प्रगति प्रतिवेदनको सार अनुसूचिमा उल्लेख गरिएको छ ।)

## अध्यक्षको मन्तव्य तथा कार्यक्रम समापनः

कार्यक्रमको अन्त्यमा गाउँपालिका अध्यक्ष श्री नवराज ढकालले आपना मनत्व्य राख्दै कार्यक्रम समापन गर्नुभयो। कार्यक्रममा बोल्दै कार्यक्रमका अध्यक्ष तथा कञ्चन गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकाले पहिलो पटक यसरी वार्षिक समिक्षा कार्यक्रम आषाढ महिनामै भएकोमा खुसी व्यक्त गर्नु भएको थियो साथै प्रस्तुत भएका समस्या समाधान सम्बन्धित निकायले गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले कञ्चन गाउँपालिकाको विकासको लागि राष्ट्रिय चासो व्यक्त भईरहेको सन्दर्भमा जनप्रतिनिधिहरु पनि एकमत भई अगाडि बढ्नुपर्ने कुरा मा जोड दिनु भयो। अन्त्यमा, उहाँले गाउँपालिका भित्र थुप्रै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको त्यसको लागि बजेटसमेतको व्यवस्था भईसकेको अवस्थामा सबैको साथ सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्बद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउनुहुन सहयोग गर्नुभएकोमा धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो।

## प्रगति समिक्षा कार्यक्रममा प्राप्त भएका सल्लाह, सुझाव तथा निष्कर्षः

- जनप्रतिनिधि र कर्मचारी बीच सहयोग र सहकार्य हुनु पर्ने,
- कर्मचारीहरुलाई उचित कार्यवातावतरण हुनुपर्ने,
- नियम कानूनको पालनामा जोड दिनु पर्ने,
- योजना तथा कार्यक्रमको भुक्तानी प्रक्रियामा सरलीकरण गर्नुपर्ने,
- गुनासो सुनुवाई प्रक्रियालाई उच्च प्राथमिकतामा राखी प्रभावकारी रुपमा सुनुवाई गरिनुपर्ने,
- योजना तथा कार्यक्रम छनौट मागमा आधारित हुनुपर्ने,
- दिगो तथा उत्पादनशिल योजना तथा कार्यक्रममा निर्माण तथा छनौटमा जोड दिनु पर्ने,
- अनुगमन कार्य प्रभावकारी र नतिजामुखि हुनु पर्ने,
- सबै शाखाहरुले/ वडाहरुले संचालन गर्ने कार्यक्रम तथा योजनाहरु चौमासिक कार्ययोजना तयार गरी तोकिएको समयमा नै सम्पन्न गर्ने,
- कार्यक्रम योजना संचालन गर्दा लाभ, लागत, समय, गुणस्तरलाई प्राथमिकतामा राखी पारदर्शी र मित्व्ययी रुपमा सञ्चालन गर्ने,
- पुर्वाधार योजनाहरु संचालन गर्नुपुर्व अनिवार्य रुपमा लागत अनुमान स्विकृत गरी, खरीद ऐन र नियमावलीको परिधि भित्र रहि संचालन गर्ने,
- सेवा प्रवाह गर्दा नागरिक प्रति उत्तरदायी भई मुस्कान सहितकव सेवा प्रदान गर्ने,
- उपभोक्ता समितिहरुले सम्झौता नगरी कार्य गरेमा भुक्तानी नदिने र सम्झौता पछि मात्र कार्य गर्ने आदि ।

## सारंशः

समग्रमा गाउँपालिकाले वर्षेनी आर्थिक वर्षको समाप्ती पश्चात प्रगति समिक्षा कार्यक्रमको आयोजना मार्फत सम्पुर्ण सरोकारवालाहरुलाई निमन्त्रणा गरी उहाँहरुको उपस्थितिमा वार्षिक प्रगति सार्वजनिक गरी छलफलका लागि सहभागी गराउने कार्यले सबल पक्षहरुलाई निरन्तरता दिन र कमोजोर पक्षहरुलाई हटाउन गाउँपालिकाका लागि यस्ता कार्यक्रम महत्वपुर्ण र अति आवश्यक छ । यसले जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहित गर्ने भएकाले ऐनाले वस्तुको आकृति देखाए जस्तै पालिकाको सम्पुर्ण गतिविधि छर्लङ्ग पार्छ । साथै यस्ता कार्यक्रमले योजना तथा कार्यक्रम छनौट गर्न र योजनालाई नतिजामुखि बनाउन सहयोगि भुमिका निर्वाह समेत गर्दछन् ।



**प्रस्तुतकर्ताः**
**गिराराज अर्याल**
**(अधिकृत छैठौ)**
**कञ्चन गाउँपालिका**


मितिः२०८१/०३/३०

अनुसूचि-१



गाउँपालिकाको प्रशासकीय भवन